# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः १०, संख्याः ४, मितिः २०८३/०२/१७


## भाग - २

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कानुन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार सम्बन्धी नियमावली, २०८३

शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार सम्बन्धी ऐन, २०८२ को दफा ३८ ले दिएको अधिकारको प्रयोग गरी शितगंगा नगरपालिकाले यो नियमावली बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस नियमावलीको नाम शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार सम्बन्धी नियमावली, २०८३ रहेको छ।

(ख) यो नियमावली राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) ऐन भन्नाले शितगंगा नगरपालिकाको अपाङ्गता अधिकार  ऐन, २०८२ लाई सम्झनुपर्छ।

(ख) परिचयपत्र भन्नाले अपाङ्गता भएका व्यक्तिलाई दिइने नियम ५ बमोजिमको अपाङ्ता परिचयपत्र सम्झनुपर्छ।

(ग) नगरपालिका भन्नाले शितगंगा नगरपालिकालाई सम्झनुपर्छ।

(घ) विपन्न भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको आयभन्दा कम आय भएका व्यक्ति वा परिवारलाई सम्झनुपर्छ।

(ङ) सहायक सामग्री भन्नाले अपाङ्गता भएका व्यक्तिले दैनिक जीवनमा प्रयोग गर्ने सामग्री वा उपकरण वा प्रविधिलाई सम्झनुपर्छ।

(च) सामुदायिक सहायता सेवा भन्नाले समुदाय स्तरमा पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिको दैनिक जीवन संचालन, सहभागिता तथा गमनशिलतालाई सहज बनाउन उपलब्ध गराइने व्यक्तिगत सहयोगी सेवा, सांकेतिक भाषाको दोभाषे, स्पर्श, सांकेतिक भाषा, नोट टेकर, फिंगर ब्रेल दोभाषे जस्ता मानवीय सहायता, प्रविधि तथा अन्य सेवा सम्झनुपर्छ।

## परिच्छेद २

## अपाङ्गताको वर्गीकरण, परिभाषा तथा अभिलेख

**३. अपाङ्गताको वर्गीकरण सिफारिस समिति :** अपाङ्गता अधिकार सम्बन्धी संघीय ऐनमा व्यवस्था भए अनुसार अपाङ्गता समन्वय समितिले नै अपाङ्गता वर्गिकरण सम्बन्धि काम गर्नेछ।

**४. निवेदन दिनुपर्ने :**

(क) नियम ३ बमोजिम परिचयपत्र प्राप्त गर्न अपाङ्गता भएका व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा संरक्षकले अनुसुची १ बमोजिमको ढाँचामा आफ्नो वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(ख) उपनियम (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्थायी ठेगाना रहेको वडामा बसोवास नगर्ने वा शारीरिक वा मानसिक अवस्थाको कारणले आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा गई परिचयपत्र प्राप्त गर्न असमर्थ व्यक्तिले अस्थायी रुपमा बसोवास गर्दै आएको वडा कार्यालयमा पनि निवेदन दिन सक्नेछ।

**५. परिचयपत्र प्रदान गर्ने :**

(क) नियम ४ को उपनियम (क) वा (ख) बमोजिम पर्न आएको निवेदन उपर स्थानीय वडा कार्यालयले जाँचबुझ गरी परिचयपत्र दिनको लागि नगरपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ।

(ख) नियम (४) को उपनियम (क) वा (ख) बमोजिम पर्न आएको निवेदन उपर जाँचबुझ गर्दा निवेदनमा उल्लेखित कारण परी स्थायी ठेगाना भएको वडा कार्यालयमा निवेदन दिन नसक्ने मनासिव कारण भएको पाइएमा त्यस्तो वडाले निवेदकको स्थायी ठेगाना रहेको वडामा निजले परिचयपत्र लिए नलिएको जानकारी लिई त्यस्तो परिचयपत्र नलिएको ब्यहोरा यकिन हुन आएमा निजलाई परिचयपत्र प्रदान गर्न निवेदन समेतका सक्कल कागजातहरु निवेदकको स्थायी ठेगाना भएको वडा कार्यालयमा पठाइदिनुपर्नेछ।

(ग) यस नियम बमोजिम स्थानीय तहले परिचयपत्र दिंदा देहाय बमोजिमको अपाङ्गताको आधारमा संघीय ऐन र नियमावली बमोजिम देहाय बमोजिमको रंगको परिचयपत्र दिनुपर्नेछ।

(अ) पूर्ण अशक्त अपाङ्गताको लागि — रातो

(आ) अति अशक्त अपाङ्गताको लागि — निलो

(इ) मध्यम अपाङ्गताको लागि पहेंलो

(ई) सामान्य अपाङ्गताको लागि सेतो

**६. उजुरी दिन सक्ने :** सम्बन्धित नगरपालिकाले परिचयपत्र दिन नमिल्ने भनी गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित निकायमा उजुर दिन सक्नेछ।

**७. अपाङ्गता भएका व्यक्तिको अभिलेख :**

(क) ऐनको दफा ३ बमोजिम नगरपालिकाले अपाङ्गता भएका व्यक्तिको अभिलेख राख्दा अनुसूची २ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(ख) उपनियम (क) बमोजिम तयार गरेको अभिलेख सहितको विवरण नगरपालिकाले सम्बन्धित वडा कार्यालयमा पठाउनुपर्नेछ।

(ग) उपनियम (ख) बमोजिम प्राप्त अभिलेख सहितको विवरणको आधारमा नगरपालिकाले अपाङ्गता भएका व्यक्तिको सम्पूर्ण विवरण खुल्ने गरी अभिलेख तयार गर्नु पर्नेछ।

(घ) उपनियम (ग) बमोजिम तयार भएको अभिलेखलाई नगरपालिकाले अभिलेखीकरण गर्न पहुँचयुक्त विद्युतीय प्रणालीको विकास गर्न सक्नेछ।

(ङ) उपनियम (घ) बमोजिम तयार भएको अभिलेखलाई नगरपालिकाले अनलाईनको माध्यमबाट अपाङ्गता सम्बन्धी विवरण अद्यावधिक गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(च) उपनियम (ङ) बमोजिमको अभिलेख नगरपालिकाले आफ्नो वेबसाइटमा राख्नुपर्नेछ।

## परिच्छेद ३

## सेवा तथा सुविधा सम्बन्धी

**८. सहायक सामग्री उपलब्ध गराउने :** नगरपालिकाले अपाङ्गताको प्रकृति र अवस्था बमोजिम अपाङ्गगता भएका व्यक्तिलाई आवश्यक पर्ने अनुसूची ४ बमोजिमका सहायक सामग्री उपयुक्त प्राविधिक नापजाँच गरी निःशुल्क रुपमा उपलब्ध गराउनेछ।

**९. सामुदायिक सहायता सेवा :**

(क) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई त्यस्ता व्यक्तिको आवश्यकता अनुसार देहाय बमोजिमका सामुदायिक सहायता सेवा उपलब्धताको आधारमा निःशुल्क रुपमा उपलब्ध गराइनेछ।

(अ) व्यक्तिगत सहयोगी सेवा : पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गगता भएका व्यक्तिका लागि आधारभूत आवश्यकता अनुसारका सहयोगी सेवा।

(आ) दैनिक हेरचाह तथा स्याहार सेवा : पूर्ण अशक्त अपाङ्गता, श्रवण दृष्टिविहिन अपाङ्गता, बौद्धिक अपाङ्गता, अटीज्म वा मनोसामाजिक अपाङ्गता भएका दैनिक रुपमा निरन्तर हेरचाह तथा सहयोग आवश्यक पर्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिका लागि परिवारको कुनै सदस्य वा संरक्षक नभएको अवस्थामा

नगरपालिका मार्फत उपलब्ध हुने हेरचाह तथा स्याहारको सेवा र स्थानीय वडामा पुनःस्थापना कार्यक्रम मार्फत उपलब्ध हुने आवश्यक आधारभूत थेरापी, पुनःस्थापना, दैनिक जीवनयापन सीप, सामाजिकीकरण सीप लगायतका सेवा।

(इ) क्लिनिकल परामर्श तथा रेफरल सेवा : स्थानीय स्वास्थ्य संस्था मार्फत अपाङ्गता भएका व्यक्तिको लागि उपलब्ध हुने आवश्यक क्लिनिकल परामर्श सेवा तथा स्वास्थ्य उपचारसँग सम्बन्धित रेफरल सेवा।

(ई) समान्य परामर्श तथा दौंतरी परामर्श सेवा : स्थानीय वडास्तरमा सञ्चालित पुनःस्थापना केन्द्र वा विभिन्न व्यक्ति वा अपाङ्गता सम्बन्धि गैर सरकारी संस्थाबाट सञ्चालित पुनःस्थापना केन्द्रहरु मार्फत उपलब्ध गराइने सामान्य परामर्श सेवा, दौंतरी परामर्श सेवा, अभिभावक परामर्श जस्ता सेवा।

(ख) उपनियम (क) बमोजिमको सेवा प्रदान गर्नका लागि आवश्यक बजेट नगरपालिकाले विनियोजन गर्नेछ, साथै अपाङ्गता सम्बन्धी कार्यक्रम वडास्तरबाट पनि सञ्चालन गर्न गराउन नगरपालिकाबाट अख्तियारी दिइएमा सो को कार्यान्वयनको लागि आवश्यक बजेट नगरपालिकाले स्थानीय वडालाई उपलब्ध गराउनेछ।

**१०. व्यक्तिगत सहयोगी सेवा सिफारिस समिति :**

(क) नियम ९ को उपनियम (क) को खण्ड (अ) बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि व्यक्तिगत सहयोग सेवा उपलब्ध गराउन नगरपालिकाको प्रत्येक वडामा ऐनको दफा २६(२) बमोजिमको व्यक्तिगत सहयोगी सेवा सिफारिस समिति रहनेछ ।

(ख) उल्लेखित व्यक्तिगत सहयोगी सेवा सिफारिस समितिको काम कर्तब्य र अधिकार ऐनको दफा २७ अनुसार हुनेछ ।

**११. आर्थिक सहयोग तथा तालिम सम्बन्धी :**

(क) नगरपालिकाले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिको लागि प्रचलित कानूनमा उल्लेखित सामाजिक सुरक्षाको अतिरिक्त नेपाल सरकारले समय समयमा तोके बमोजिमको रकम आर्थिक सहयोग वा सामाजिक सुरक्षा बापत उपलब्ध गराउनेछ।

(ख) नगरपालिकाले अपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाहमा संलग्न परिवारका सदस्य वा संरक्षकलाई हेरचाह सम्बन्धी तालिम र बहिरा व्यक्तिका परिवारका सदस्यलाई सांकेतिक भाषा तालिम आवश्यकता अनुसार निःशुल्क रुपमा उपलब्ध गराउन सक्नेछ।

(ग) उपनियम (क) र (ख) बमोजिमको आर्थिक सहयोग वा सामाजिक सुरक्षा तथा तालिम नगरपालिकाले अपाङ्गता भएका व्यक्तिलाई सहज रुपमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

**१२. सहुलियत र सुविधा :**

(क) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई सार्वजनिक यातायातले परिचयपत्रका आधारमा सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडामा ५०% छुट उपलब्ध गराउनुपर्ने भनी अपाङ्गगता भएका व्यक्तिको

अधिकार सम्बन्धी नियमावली, २०७७ मा उल्लेख भएकाले शितगंगा नगरपालिकाद्धारा पनि सोही व्यवस्थालाई अनुसरण गर्नेछ।

(ख) देहाय बमोजिमका सीट क्षमता भएका सार्वजनिक सवारी साधनले अपाङ्गता भएका व्यक्तिका लागि सीट सुरक्षित राख्नुपर्ने भनी संघीय नियमावलीमा उल्लेख गरेकाले देहाय बमोजिमका सवारीले देहाय बमोजिमका सीट अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नुपर्नेछ,

(अ) १० वा सो भन्दा कम सीट क्षमता भएका सवारी साधनले १ सीट,

(आ) ११ देखि १५ सीट क्षमता भएका सवारी साधनले २ सीट,

(इ) १६ देखि ३० सीट क्षमता भएका सवारी साधनले ३ सीट,

(ई) ३० भन्दा बढी सीट क्षमता भएका सवारी साधनले ४ सीट,

**१३. अपाङ्गता भएका व्यक्तिका छोराछोरीका लागि छात्रबृत्तिको व्यवस्था :**

(क) नगरपालिकाले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका असहाय विपन्न वर्गका नागरिकका छोराछोरीलाई स्वदेशमा स्नातक तहसम्म शिक्षा हासिल गर्न छात्रवृति उपलब्ध गराउन सक्नेछ।

(ख) उपनियम (क) बमोजिमको छात्रवृत्ति प्राप्त गर्न चाहने सो उपनियम (क) बमोजिमका नागरिकका छोराछोरीले सम्बन्धित शैक्षिक संस्थामा भर्ना गरेको प्रमाण, सम्बन्धित वडाको सिफारिस, परिचयपत्रको प्रतिलिपि तथा नाता प्रमाणित र विपन्नताको सिफारिस लगायतका कागजात पेश गर्नु पर्नेछ।

## परिच्छेद ४

## अपाङ्गता भएका महिला तथा बालबालिकाको विशेष संरक्षण

**१४. अपाङ्गता भएका महिलाको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने :**

(क) नगरपालिकाले अपाङ्गता भएका महिलाको अधिकारको संरक्षण गर्न तथा त्यस्ता महिलाको ज्ञान, सीप तथा क्षमताको उच्चतम उपयोग गर्न उपयुक्त वातावरण निर्माण गर्न देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ,

(अ) अपाङ्गता भएका महिलामा रहेको ज्ञान, सीप र क्षमताको पहिचानको लागि अध्ययन, अनुसन्धान गर्ने, गराउने।

(आ) खण्ड (अ) बमोजिम भएको अध्ययन अनुसन्धानको आधारमा अपाङ्गता भएका महिलाको ज्ञान, सीप र क्षमताका आधारमा उपयुक्त पेशा वा व्यवसायको लागि रोजगारमुलक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने।

(इ) अपाङ्गता भएका महिलाले निर्माण वा उत्पादन गरेका सामान तथा वस्तुको बिक्री तथा बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउने।

(ई) अपाङ्गता भएका महिलाको लागि उपयुक्त ठानिएका आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने।

(ख) अपाङ्गगता भएका महिलाको प्रसुतीको समयमा स्वास्थ्य अवस्थामा जटिलता आई अन्यत्र रेफर गर्नु परेमा सरकारी अस्पतालमा भर्ना भइ उपचार गराउँदा लागेको वास्तविक बिल अनुसारको उपचार खर्च नगरपालिकाले ब्यहोर्नेछ।

(ग) उपनियम (क) र (ख) बमोजिमको व्यवस्था गर्नको लागि नगरपालिकाले संघ र प्रदेश सरकारसंग आर्थिक तथा प्राविधिक सहयोग माग गर्न सक्नेछ।

**१५. अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षण :** ऐनको दफा १५ बमोजिम अपाङ्गता भएका बालबालिकाको लागि नगरपालिकाले आवश्यक भएमा नेपाल सरकारका केन्द्रीय तथा प्रदेश सरकारसंग समन्वय गरी देहाय बमोजिम विशेष संरक्षणको व्यवस्था गर्नु पर्नेछ :

(क) उल्लेखित बालबालिकाको हेरचाह तथा स्याहारको लागि परिवारका सदस्य वा संरक्षकलाई आवश्यक तालिम तथा आय आर्जन सम्बन्धी व्यवसाय गर्न सहयोग गर्ने,

(ख) निज बालबालिकाको रोगको शीघ्र पहिचान, उपचार, औषधी र परामर्श सेवा स्थानीय स्वास्थ्य केन्द्रबाट उपलब्ध हुने गरी आवश्यक व्यवस्था मिलाउने,

(ग) नगरपालिकाले नगरपालिका तथा वडा स्तरमा अपाङ्गता भएका बालबालिकाको खेलकुद तथा मनोरञ्जनको लागि आवश्यक व्यवस्था मिलाउने,

(घ) अपाङ्गता भएका बालबालिकाको आँखा, नाक, कान, घाँटी, अडियोग्राम जाँच लगायतको सेवा स्थानीय स्वास्थ्य संस्थाबाट प्रदान गर्ने व्यवस्था मिलाउने,

(ङ) स्थानीय वडा मार्फत अपाङ्गता पहिचान भएका बालबालिकाको लागि आवधिक रुपमा अपाङ्गगताको मूल्याङ्कन, सेवा सुविधा पूनरावलोकन तथा आवश्यक थेरापी लगायत अन्य सेवाहरुको व्यवस्था गर्ने।

## परिच्छेद ५

## अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने शिक्षा

**१६. निःशुल्क शिक्षा उपलब्ध गराउने :** पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट प्रदान गरिने शिक्षा निःशुल्क रुपमा उपलब्ध गराइनेछ।

**१७. आवासीय सुविधा सहितको शिक्षा उपलब्ध गराउने :** नगरपालिकाले पूर्ण अशक्त तथा अति अशक्त अपाङ्गताको कारणले आफै विद्यालय जान आउन कठिन हुने र विपन्न तथा असहाय अपाङ्गता भएका बालबालिकाको लागि पहुँचयुक्त आवास सुविधा सहितको शिक्षा व्यवस्थाको लागि सरकारी तथा गैर सरकारी निकायसंग विशेष पहल गर्नेछ।

**१८. शिक्षामा सूचना प्रविधिको प्रयोग :**

(क) नगरपालिकाले सूचना प्रविधिका माध्यम, प्रणली वा अन्य कुनै तरिकाको अवलम्बन गरी दृष्टिविहिन, बहिरा, सुस्त श्रवण तथा श्रवण दृष्टिविहिन अपाङ्गगता भएका व्यक्तिलाई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनेछ।

(ख) उपरोक्त उद्धेश्य प्राप्तिको लागि नगरपालिकाले संघीय तथा प्रदेश सरकारसंग समन्वय गरी आवश्यक पर्ने सफ्टवेयर सहितको कम्प्यूटर वा उपकरण उपलब्ध गराउने वा अडियो, ब्रेल, सरल भाषा तथा चित्रात्मक, ठूलो छापा, भिडियो वा सांकेतिक भाषा लगायतका ढाँचामा शैक्षिक सामग्री उपलब्ध गराउनेछ।

**१९. विद्यार्थीको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने :** नगरपालिकाले अपाङ्गता भएका विद्यार्थीको अध्ययनलाई निरन्तरता दिन तथा अध्ययन प्रवर्द्धनको लागि आवश्यकता र उपलब्धता अनुसार सहयोगी शिक्षक र सम्बन्धित अपाङ्गता विज्ञ शिक्षक उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ६

## सीप विकास तथा रोजगारी

**२०. ऋण उपलब्ध गराउने :** नगरपालिकाले पेशा वा व्यवसाय गर्न चाहने अपाङ्गता भएका व्यक्तिमा रहेको सीप, क्षमता तथा प्रतिभालाई हेरी बुझी निजको परिवारको सदस्य वा संरक्षकले तयार गरेको प्रस्तावको आधारमा बैंक तथा वित्तीय संस्थाबाट बिना धितो सहुलियत ब्याज दरमा ऋण उपलब्ध गराउन सम्बन्धित संस्थामा सिफारिस गरीदिनेछ।

**२१. अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने :**

(क) नगरपालिका स्तरीय कुनै प्रतिष्ठानमा रिक्त हुने स्थानमा अपाङ्गता भएका व्यक्तिको क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने कामको लागि उपलब्ध भएसम्म प्राथमिकताका अपाङ्गता भएका व्यक्तिलाई आधारमा नियुक्त गरिनेछ।

(ख) कुनै सरकारी सेवामा स्थायी कर्मचारीको रुपमा अपाङ्गता भएको व्यक्ति सिफारिस भई आएमा निजलाई विशेष प्राथमिकता दिई नियुक्ति/ पदस्थापन गरिनेछ।

**२२. अभिलेख राख्नुपर्ने :** नगरपालिका स्तरीय सरकारी वा निजी कार्यालयहरुले आफ्नो कार्यालयमा कार्यरत अपाङ्गता भएका व्यक्तिको सम्पूर्ण विवरणहरु खुलाई अभिलेख राख्नुपर्नेछ।

## परिच्छेद ७

## स्वास्थ्य, पुनःस्थापना, सामाजिक सुरक्षा तथा मनोरञ्जन

**२३. निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने :** नगरपालिकाले देहाय बमोजिमका गम्भीर प्रकृतिका रोगको उपचारको लागि पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च सम्भव भए सबै वा असम्भव हुने भए नेपाल सरकारलाई बेहोर्न सिफारिस गरिनेछः

(क) मुटु रोग,

(ख) मृगौला रोग,

(ग) क्यान्सर,

(घ) मेरुदण्ड पक्षघात,

(ङ) नगरपालिकाले समय समयमा तोके बमोजिमका अन्य रोग।

**२४. पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन :** संघीय अपाङ्गता अधिकार सम्बन्धी नियमावली, २०७७ को नियम २६ बमोजिम पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन गर्न चाहने संस्थाले स्वीकृतिको लागि अनुसूची ४ बमोजिमको निवेदन दिएमा आवश्यक जाँचबुझ गरी मापदण्ड पुरा भएको देखिएमा नगरपालिकाले त्यस्तो संस्थालाई पुनःस्थापना केन्द्रको स्थापना तथा सञ्चालन गर्न अनुसूची ५ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ।

**२५. पुनःस्थापना केन्द्रको स्थापना, व्यवस्थापन तथा सञ्चालन सम्बन्धी मापदण्ड :** नगरपालिकाले आवश्यकता परेको खण्डमा पुनःस्थापना केन्द्रको स्थापना, व्यवस्थापन तथा सञ्चालन सम्बन्धी मापदण्ड देहाय बमोजिम गर्नेछ,

(क) अपाङ्गगता भएका व्यक्तिलाई पुनःस्थापनाको लागि न्यूनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको,

(ख) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक आधारभूत स्वास्थ्य सेवा तथा औषधी उपचारको सेवा उपलब्ध गराउन सक्ने क्षमता भएको,

(ग) अपाङ्गता भएका व्यक्तिलाई खेल तथा मनोरञ्जनको लागि आवश्यक खुला स्थान भएको,

(घ) अपाङ्गता भएका व्यक्तिलाई आवश्यकतानुसार शिक्षा तथा सीपमुलक तालिम प्रदान गर्न वा सो को प्रबन्ध गर्न सक्ने क्षमता भएको,

(ङ) न्यूनतम १० जना अपाङ्गता भएका व्यक्ति बराबर ३ जना तालिम प्राप्त सहयोगीको प्रबन्ध भएको,

(च) नगरपालिकाले समय समयमा तोकेका पूर्वाधार तथा अन्य सुविधा सम्बन्धी मापदण्ड पूरा भएको।

**२६. पुनःस्थापना केन्द्रको व्यवस्थापन :**

(क) नियम २४ बमोजिम स्वीकृति लिई स्थापना तथा सञ्चालन हुने प्रत्येक पुनःस्थापना केन्द्रको व्यवस्थापनको लागि देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछ,

(अ) सम्बन्धित वडाको वडाध्यक्ष — अध्यक्ष

(आ) नगरपालिकाको कार्यालयमा सामाजिक विकास शाखा/क्षेत्र हेर्ने कर्मचारी — सदस्य

(इ) नगरपालिकामा रहेको अपाङ्गता सम्बन्धी संस्थाको सञ्जाल गठन भएको भए सो सञ्जालबाट तोकिएको व्यक्ति वा सञ्जाल गठन नभएको भए नगरपालिकाले तोकेको १ जना — सदस्य

(ई) पुनःस्थापना केन्द्रको प्रमुख — सदस्य सचिव

(ख) उपनियम (क) बमोजिम गठित समितिले ऐन, नियमावली तथा प्रचलित कानूनको अधिनमा रही पुनःस्थापना केन्द्रको सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी सो को आधारमा पुनःस्थापना केन्द्र सञ्चालन गर्नु पर्नेछ।

(ग) उपनियम (क) बमोजिम गठित समितिले पुनःस्थापना केन्द्रमा रहेका प्रत्येक अपाङ्गता भएका व्यक्तिको छुट्टाछुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नुपर्नेछ।

**२७. पुनःस्थापना केन्द्रको निरीक्षण तथा अनुगमन :**

(क) समन्वय समितिले ऐन तथा यस नियमावली बमोजिम पुनःस्थापना केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा समय समयमा निरीक्षण तथा अनुगमन गर्नेछ।

(ख) उपनियम (क) बमोजिम निरीक्षण तथा अनुगमन गर्न खटिएका पदाधिकारी वा कर्मचारीले निरीक्षण तथा अनुगमन गरी समन्वय समितिमा ७ दिन भित्र प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ग) उपनियम (ख) बमोजिम पेश भएको प्रतिवेदन समन्वय समितिले आफू समक्ष पेश भएको मितिले ७ दिनभित्र नगरपालिकामा पठाउनुपर्नेछ।

(घ) माथि जे जसो लेखिएतापनि संघीय मन्त्रालय वा प्रदेश सरकारले पुनःस्थापना केन्द्रको निरीक्षण तथा अनुगमन गर्न सक्नेछन्।

(ङ) उपनियम (क) वा (घ) बमोजिम निरीक्षण तथा अनुगमन गर्दा त्यस्ता पुनःस्थापना केन्द्रले ऐन तथा यस नियमावली बमोजिम तोकिएको मापदण्ड पूरा नगरेको वा संघीय मन्त्रालयबाट जारी भएको निर्देशिका विपरीत काम कारवाही गरेको पाइएमा निश्चित समयावधिभित्र तोकिएको मापदण्ड पूरा गर्न वा स्वीकृत निर्देशिका बमोजिम पुनःस्थापना केन्द्र सञ्चालन गर्न आवश्यक निर्देशन दिन सक्नेछ।

(च) उपनियम (ङ) बमोजिम प्राप्त निर्देशन बमोजिमको समयावधिभित्र पुनःस्थापना केन्द्रले कार्य सम्पन्न गरी सो को जानकारी त्यसरी निर्देशन दिने निकायलाई दिनु पर्नेछ।

(छ) यस नियम बमोजिम निरीक्षण वा अनुगमन गर्दा पुनःस्थापना केन्द्र ऐन तथा यस नियमावली विपरित स्थापना र सञ्चालन भएको वा नियम २७ बमोजिमको मापदण्ड पूरा नगरेको वा उपनियम (५) बमोजिम दिएको निर्देशनको पालना नगरेको देखिएमा नगरपालिकाले त्यस्तो पुनःस्थापना केन्द्रको सञ्चालनमा रोक लगाउन वा त्यस्तो केन्द्रको स्वीकृति निश्चित अवधिका लागि निलम्बन वा रद्द गर्न सक्नेछ।

(ज) उपनियम (छ) बमोजिम पुनःस्थापना केन्द्रको स्वीकृति, निलम्बन वा रद्द गर्नु अघि त्यस्तो पुनःस्थापना केन्द्रलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

**२८. अनुदान माग गर्न सक्ने :** पुनःस्थापना केन्द्रको भौतिक पूर्वाधार, सेवा सुविधा र पुनःस्थापना भएका व्यक्तिको संख्याको आधारमा नगरपालिकाले संघीय र प्रदेश सरकारसंग तोकिए बमोजिमको अनुदान रकम माग गर्न सक्नेछ।

**२९. पुनःस्थापना केन्द्र बन्द गर्न सक्ने :**

(क) ऐन तथा यस नियमावली बमोजिम स्वीकृति लिई सञ्चालनमा रहेको पुनःस्र्थापना केन्द्र सञ्चालन गर्न सम्भव नभएमा त्यस्तो केन्द्रको प्रमुखले बन्द गर्नु पर्ने कारण सहित पुर्नस्थापना केन्द्रमा रहेका अपाङ्गता भएका व्यक्तिको विवरण समेत संलग्न गरी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(ख) उपनियम (क) बमोजिम प्राप्त हुन आएको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो पुनःस्र्थापना केन्द्र बन्द गर्नु पर्ने मनासिब आधार र कारण रही बन्द गर्न उपयुक्त देखेमा सम्बन्धित वडा कार्यालयले त्यस्तो पुनःस्र्थापना केन्द्रमा रहेका व्यक्तिको लागि अन्य बैकल्पिक व्यवस्था गरी बन्द गर्न सिफारिस दिन सक्नेछ।

(ग) उल्लेखित प्रकारबाट बन्द गर्न सिफारिस भइ आए पश्चात नगरपालिकाले सो पुनःस्र्थापना केन्द्र बन्द गर्ने निर्णय गरी बन्द गरिदिनेछ।

**३०. आचार संहिता :** पुनःस्र्थापना केन्द्रले केन्द्रका पदाधिकारी तथा कर्मचारीहरुले पालना गर्नु पर्ने आचार संहिता केन्द्रको व्यवस्थापन समितिबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

**३१. पुनःस्र्थापना कोषको सञ्चालन :**

(क) ऐनको दफा २० बमोजिमको पुनःस्र्थापना कोषको रकम नगरपालिकाले तोकेको बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(ख) पुनःस्र्थापना कोषको खाता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

**३२. समाजिक सुरक्षा :**

(क) नगरपालिकाले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्रतापूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी स्वास्थ्य बीमा तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(ख) पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिले आफ्नो निजी शौचालय अपाङ्गतामैत्री बनाउन चाहेमा निजले नेपाल सरकारबाट कुनै आर्थिक सुविधा नलिएको भए निजलाई नगरपालिकाले तोके बमोजिमको रकम अनुदान बापत उपलब्ध गराउन सक्नेछ।

**३३. साँस्कृतिक अधिकार तथा मनोरञ्जन :** अपाङ्गता भएका व्यक्तिको सांस्कृतिक अधिकारको सम्मान गर्न ऐनको दफा २१ बमोजिमको व्यवस्थाका अतिरिक्त नगरपालिकाले देहायका व्यवस्था गर्नेछ,

(क) अपाङ्गता भएका व्यक्तिले सहभागितामा साँस्कृतिक प्रतियोगिता आयोजना गर्ने,

(ख) अपाङ्गता भएका व्यक्तिको मनोरञ्जनको लागि स्थानीय स्तरमा आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(ग) सामुदायिक भवन, पार्क, मठ, मन्दिर, बगैंचा लगायतका साँस्कृतिक र मनोरञ्जनका क्षेत्र अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त बनाउने,

(घ) योग अभ्यास र परामर्श केन्द्रको सञ्चालन गर्ने।

**३४. खेलकुदमा सहभागी गराउने :**

(क) ऐनको दफा २२ मा उल्लेखित कार्यक्रमको अतिरिक्त अपाङ्गता भएका व्यक्तिको लागि खेलकुदको विकास गर्न अधिकार पाएका संस्था वा निकायले खेलकुदको क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका तथा संघसंस्थाको सहभागितामा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछ,

(अ) खेलकुदका लागि आवश्यक भौतिक पूर्वाधार विकास कार्यक्रम,

(आ) खेलुकदका लागि क्षमता विकासका कार्यक्रम,

(इ) खेलकुद प्रतियोगिता सञ्चालन।

(ख) उपनियम (क) बमोजिम खेलकुद कार्यक्रम सञ्चालन गर्दा दोभाषे र स्वास्थ्य उपचार जस्ता अपाङ्गताको प्रकृति अनुसार आवश्यक पर्ने अन्य सेवा समेत उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद ८

## विविध

**३५. विभिन्न उपायहरुको अवलम्बन गर्ने :** नगरपालिकाले अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समान रुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताको लागि देहायका विभिन्न उपायहरुको अवलम्बन गर्नेछ :

(क) अपाङ्गता भएका व्यक्तिका अधिकार र सेवा सुविधा सम्बन्धी कानूनी व्यवस्थाको विषयमा जनचेतना तथा कानूनी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, गराउने।

(ख) अपाङ्गता भएका व्यक्तिको हेरचाह, सशक्तीकरण तथा क्षमता विकासको लागि आवश्यक तालिम सञ्चालन गर्ने गराउने।

(ग) सरकारी र सार्वजनिक सेवा प्रदान गर्ने निकाय तथा संस्थाको भौतिक संरचनाको निर्माणलाई अपाङ्गमैत्री र पहुँचयुक्त बनाउन त्यस्ता निकाय तथा संस्थालाई निर्देशन दिने र सो को कार्यान्वयनको अनुगमन गर्ने।

(घ) स्थानीय तहमा हुने विपद व्यवस्थापन सम्बन्धी गतिविधिमा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने र यसका लागि पुर्वतयारी, खोज तथा उद्धार, राहत र विपद पश्चातका अवस्थामा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्न आवश्यक तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, गराउने।

(ङ) विपद पूर्वतयारीका चरणमा गरिने सामग्रीको भण्डारणमा अपाङ्गता भएका व्यक्तिका आवश्यकतालाई समेत मध्यनजर राखी त्यस्ता सामग्रीको छुट्टै सूची बनाइ भण्डारण गर्ने व्यवस्था मिलाउने।

(च) नगरपालिका क्षेत्र भित्र विभिन्न वडामा क्रियाशिल रहेका अपाङ्गता भएका व्यक्तिहरुका विभिन्न वडा समिति वा समूहलाई मान्यता दिइनेछ साथै त्यस्ता समिति वा समूह गठन नभएका वडाहरुमा समिति वा समूह गठन गरिनेछ र त्यस्ता वडा समिति वा समूहहरुलाई सम्पर्क गरी त्यस्ता समिति वा समूहलाई उत्थान र क्रियाशिल गर्न नगरस्तरीय सञ्जाल वा समिति गठन गरिनेछ।

**३६. घुम्ती सेवा सञ्चालन :**

(क) नगरपालिकाले केन्द्र र प्रदेश सरकारसंग समन्वय गरी ऐनको दफा ३७ बमोजिम अपाङ्गता भएका व्यक्तिले पाउने सेवा सुविधा सहज रुपमा उपलब्ध गराउन आवश्यकता अनुसार घुम्ती सेवा सञ्चालन गर्न सक्नेछ।

(ख) उपनियम (क) बमोजिम सञ्चालन हुने घुम्ती सेवाको अवधि तथा उपलब्ध हुने सेवाका सम्बन्धमा नगरपालिकाले कम्तिमा ७ दिन अघि विभिन्न सञ्चार माध्यमबाट सूचना प्रवाह गर्नुपर्नेछ।

**३७. कानुन बनाउन सक्ने :** यस नियमावलीको उद्धेश्य प्राप्तिको लागि आवश्यक भएमा नगर कार्यपालिकाले ऐन र नियमावलीको अधिनमा रही कार्यविधि बनाइ लागु गर्न सक्नेछ।

## अनुसूची १
## (नियम ४ को उपनियम (क) संग सम्बन्धित)
## निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मार्फत ..... नं. वडा कार्यालय,
शितगंगा नगरपालिका।

मितिः.....................

विषयः अपाङ्गताको परिचयपत्र पाऊँ।

महोदय,

निम्न लिखित विवरण सहित अपाङ्गताको परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु। मैले पेश गरेको विवरण ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

१. नाम थर,

२. उमेर.....वर्ष

३. लिङ्ग : पुरुष/महिला/अन्य

४. जन्म मिति : ......साल...........महिना.....गते

५. ठेगाना :

(क) स्थायी ठेगाना : ..........प्रदेश..............जिल्ला ..........नगरपालिका वडा नं.....टोल........।

(ख) अस्थायी ठेगाना : ..........प्रदेश ...........जिल्ला.............नगरपालिका वडा नं.....टोल..........।

(ग) सम्पर्क मो.नं....................

६. परिवारको सदस्य वा संरक्षकको नाम, थर : ...............................निवेदकसंगको नाता.......

७. परिवारको सदस्य वा संरक्षकको मोबाइल नं..............

८. इमेल :

९. अपाङ्गताको प्रकार/प्रकृति :..............

१०. शरीरको अङ्ग, संरचना, प्रणालीमा आएको क्षतिको विवरण : ............

११. क्षति भएपछि दैनिक क्रियाकलापमा आएको अवरोध वा सीमितताको विवरण :

१२. अपाङ्गताको कारण : रोगको दीर्घ असर/दुर्घटना/जन्मजात/सशष्त्र द्वन्द/बंशाणुगत कारण/अन्य

१३. सहायक सामग्री प्रयोग गर्नु पर्ने आवश्यकता भए वा नभएको :

१४. आवश्यकता भएको भए कस्तो प्रकारको सहायक सामग्रीको प्रयोग गर्नुपर्ने हो सो को विवरण :.....................................

१५. सहायक सामग्री प्रयोग गर्ने गरेको वा नगरेको :

१६. सहायक सामग्री प्रयोग गर्ने गरेको भए सामग्रीको नाम :

१७. अन्य व्यक्तिको सहयोग बिना गर्न सक्ने दैनिक कार्य :

(क)..................................(ख)...................................(ग).....................................

(घ)...................................(ङ)....................................(च)....................................

१८. अन्य व्यक्तिको सहयोग लिनु पर्ने भए त्यस्तो सहयोग लिनु पर्ने काम

(क)..................................(ख)...................................(ग).....................................

(घ)...................................(ङ)....................................(च)....................................

१९. पछिल्लो शैक्षिक योग्यता : निरक्षर /साक्षर/प्राथमिक तह/निम्न माध्यमिक तह/माध्यमिक तह/उच्च माध्यमिक तह/स्नातक तह/स्नातकोत्तर तह/विद्यावारिधि तह

२०. कुनै तालिम प्राप्त गरेको भए मुख्य तालिमको नाम :

२१. हालको पेशा : अध्ययन/कृषि/ब्यवसाय/स्वरोजगार/सरकारी सेवा/निजी क्षेत्रमा सेवा/केही नगरेको/अन्य

निवेदक/परिवारको सदस्य वा संरक्षकको,

नाम, थर...............

दस्तखत..............

मिति .................

## अनुसूची २

## (नियम ७ को उपनियम (क) संग सम्बन्धित)

## अपाङ्गता भएका व्यक्तिको अभिलेखको ढाँचा

क्रम संख्या :

अपाङ्गता परिचय नम्बर :................. परिचयपत्रको प्रकार.............

१. नाम थर :

२. स्थायी ठेगाना : प्रदेशः जिल्ला :

गाउँपालिका/नगरपालिका : वडा नं. :

३. अस्थायी ठेगाना : प्रदेशः जिल्ला :

गाउँपालिका/नगरपालिका : वडा नं. :

४.जन्म मिति : ५. नागरिकता नम्बर :

६. लिङ्ग : ७.रक्त समूह : ८. विवाहित/अविवाहित :

९. बाबु/आमा, परिवारको सदस्य वा संरक्षकको नाम थर :

१०. ठेगाना : प्रदेशः जिल्ला :

गाउँपालिका/नगरपालिका : वडा नं. :

११. अपाङ्गता भएका व्यक्तिसंगको नाता :

१२. पछिल्लो शैक्षिक योग्यता :

१३. हाल अध्ययनरत शैक्षिक संस्था : अहिलेसम्म नगएको/अध्ययनरत/पढाइ सकेको

१४. पेशा :

१५.अपाङ्गताको किसिम :

(क) अपाङ्गताको प्रकृतिको आधारमा .......

(ख) अपाङ्गताको गम्भीरताको आधारमा .........

१६. के कस्ता दैनिक क्रियाकलाप गर्न सकिन्छ :

.....................................................

...................................................

१७. के कस्ता दैनिक क्रियाकलाल गर्न सकिदैंन ?

........................................................

....................................................

१८. सहायक सामग्री आवश्यक पर्ने वा नपर्ने :

आवश्यक पर्ने भएमा आवश्यक पर्ने सामग्रीको विवरण : ..........................

१९. हाल सहायक सामग्री पाए/नपाएको :

२०. परिचयपत्र वाहकले प्राप्त गरेका अन्य सेवा सुविधा :

.....................................................

..................................................

२१. परिचयत्रपत्र वाहकलाई आवश्यक परेका अन्य सेवा सुविधा :

...........................................

..............................................

२२. सेवा, सुविधा प्रदान गर्ने निकाय : ................

२३. अन्य..................

प्रमाणित गर्ने अधिकारीको

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

मिति :

## अनुसूची ३

## (नियम ८ संग सम्बन्धित)

## सहायक सामग्री

१. स्टाइलिस, स्लेट, ब्रेल पेपर,

२. ब्रेल मेमो,

३. ब्रेल डिस्प्लेयर,

४. डेजी प्लेयर,सफ्टवेयर, स्क्रिन रिडिङ सफ्टवेयर,

५. सेतो छडी,

६. वाटर इन्डिकेटर,

७. लाईट इन्डिकेटर,

८. अब्जेक्ट इन्डिकेटर,

९. विभिन्न प्रकारका ह्वील चियर,

१०. बैशाखी, लट्ठी, एल्वो क्रचेज, एग्जलरी क्रचेज,

११. वाकर, अपाङ्गता भएका व्यक्तिलाई बस्न बनाइने विशेष प्रकारको कुर्सी,

१२. क्यालिपर,

१३. विशेष प्रकारको जुत्ता,

१४. कृत्रिम हात खुट्टा र स्पाइनल ब्रेस,

१५. मेरुदण्ड पक्षघात भएका व्यक्तिको लागि क्याथेटर, डाइपर र एयर कुशन,

१६. विशेष प्रकारको कमोड, कमोड चेयर

१७. श्रवण यन्त्र : Audio induction loop system, Infrared system, Frequency modulation system, Communication access real time translation, Automatic speech recognition,

१८. म्याग्नीफाइड ग्लास, उच्च क्षमताको चस्मा,

१९. स्वर यन्त्र,

२०. मेरुदण्ड, पक्षघात भएकाका लागि एयर म्याट्रेस (Air mattress), जेली कुशन (Jelly cushion) तथा नयाँ प्रविधि अनुसार विकसित भएका आवश्यक सामग्री।

## अनुसूची ४

## (नियम २४ संग सम्बन्धित)

## पुनःस्र्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृतिका लागि दिने निवेदनको ढाँचा

मिति :

श्री...........................,

विषयः पुनःस्र्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न अनुमति पाऊँ।

अपाङ्गता अधिकार सम्बन्धी ऐन, २०८२ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०८३ बमोजिम पुनःस्र्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न हाम्रो संस्था इच्छुक भएकोले देहायको विवरण सहित स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु।

१. संस्थाको नाम :

२. संस्थाको ठेगाना :

३. संस्थाका पदाधिकारीको नाम, थर र ठेगाना :

४. सम्पर्क गर्नु पर्ने व्यक्ति :

५. संस्थाको विधानको प्रतिलिपि :

६. संस्थाको निर्णयको प्रतिलिपि,

७. संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,

८. गत आ.व.को प्रगती तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

९. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

१०. तोकिएका अन्य कागजातहरु।

संस्थाको अधिकारप्राप्त व्यक्तिको,

दस्तखत

नाम, थर :

सम्पर्क ठेगाना :

**अनुसूची ५**

**(नियम २४ संग सम्बन्धित)**

**पुनःस्थापना केन्द्र स्थापना तथा सञ्चालनको स्वीकृति**

..........................................(संस्था) लाई अपाङ्गता अधिकार सम्बन्धी ऐन, २०८२ तथा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०८३ बमोजिम पुनःस्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न मिति...............को निर्णय अनुसार यो स्वीकृति प्रदान गरिएको छ ।

स्वीकृति दिने व्यक्तिको,

दस्तखत :

नाम, थर :

पद :

कार्यालय :

**प्रमाणिकरण मिति २०८३/०२/१७**

**आज्ञाले**

**कृष्ण प्रसाद सापकोटा**

**प्रमुख प्रशासकिय अधिकृत**

मिति :